इटहरी उप-महानगरपालिका,

# नगर कार्यपालिकाको कार्यालय

इटहरी,सुनसरी

प्रदेश नं. १,

प.सं.: २०७८/०७९
च.नं.: १८४६

मिति: २०७८।१०।२८

# सूचना! सूचना!! सूचना!!!

**विषय : आ.व.२०७९/२०८० का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धमा।**

रोजगारीको हकसम्बन्धी ऐन २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ (पहिलो संशोधन,२०७७) बमोजिम आर्थीक वर्ष २०७९/२०८० मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८ ५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यालयमा मिति २०७८ फागुन मसान्त भित्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धीत वडा कार्यालय, रोजगर सेवा केन्द्र, इटहरी तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न, वञ्चित महिला,आदिवासी,जनजाती,मधेसी,दलित,सिमान्तकृत तथा जिवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुऱ्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ।

**निवेदकले पेश गर्नुपर्ने कागजातहरु** :

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो।

३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम,नाता, जन्म मिति,नागरिकता नं.,जारी मिति तथा जिल्ला।

४) निवेदक सहित परिवरका सम्पूर्ण सदस्यको शैक्षिक योग्यत, सिप, तालिम,दक्षता तथा रोजगारीको अवस्था।

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि (ना.प्र. अन्यवाट जारी भएको खण्डकम बसाईसराई प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि।

६) कुल बार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्ष कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहाया या आम्दानी लिएको विवरण।

७) यदि निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई बैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल बमोजिमको विवरण।

देश.................... पासपोर्ट नं.......................... विदेशमा गरेको कामसंग सम्बन्धित सीप.........................

८) निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ।थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्र, इटहरी उपमाहानगरपालिका सम्पर्क (९८४९८११७८३,९८०४३४०२६८) गर्न सकिने छ।

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

इटहरी उप-महानगरपालिका,

# नगर कार्यपालिकाको कार्यालय

इटहरी,सुनसरी

प्रदेश नं. १,

प.सं.: २०७८/०७९
च.नं.: २५४६

मिति : २०७८।१०।२८

**बिषय : सूचना प्रकाशित गर्ने सम्वन्धमा ।**

श्री वडा कार्यालय सबै,
इटहरी उप-महानगरपालिकाको कार्यालय ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको २०७८।१०।२६ च.नं.२४० को पत्रानुसार श्रमको सम्मान, राष्ट्रयको अभियान सम्वन्धी रणनीति, २०७८ मा उल्लेख भएका कार्यनीति र कार्यक्रम सञ्चालनका लागि चालु आर्थिक वर्ष २०७९।२०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ (पहिलो संशोधन,२०७७) को दफा १८ बमोजिम बेरोजगार व्यक्तिहरुको दर्ताको लागि आवेदन माग भएकोले फागुन मसान्त सम्म म्याद रहेको जानकारी गराउदै यसै साथ संलग्न सूचना प्रकाशित गरिदिनुहुन आदेशानुसार अनुरोध छ । साथै निवेदन दिने अन्तिम मितिसम्म प्राप्त निवेदन वडा कार्यालयमा दर्ता प्रमाणित बिवरण रोजगार सेवा केन्द्रमा बुझाउनु हुन अनुरोध छ ।

२०७८/१०/२८
सोनु खनाल
रोजगार संयोजक